# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२१६ बारा, २०८३ असोज १२ गते सोमबार / द्वितीया / नेपाल संवत् ११४६ / Monday, September 28 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## कांग्रेस बारा १ को पदाधिकारी चयन अनिर्णित



निजगढ, ११ असोज/नेपाली काँग्रेस बारा क्षेत्र नम्बर १ को निजगढमा भएको अधिवेशनले क्षेत्रीय समिति र महाधिवेशन प्रतिनिधि चयन गर्न नसकेपछि पदाधिकारी मनोनयन गर्ने जिम्मा निर्वाचन समितिलाई दिइएको छ ।

आवश्यक संख्याभन्दा बढी आकांक्षी देखिएपछि बन्द सत्रबाट सर्वसम्मत रुपमा पदाधिकारीहरुको चयन गर्न समस्या परेको थियो । अधिवेशनमा महाधिवेशन प्रतिनिधिहरु बन्न चाहनेको संख्या निर्धारित कोटाभन्दा निक्कै बढी रहेको जनाइएको छ ।

अब काँग्रेस केन्द्रीय सदस्य शम्भुबहादुर बुढाथोकी, ममता शर्मा, मधेस प्रदेशका कार्यवहाक सभापती चन्द्रशेखर यादव र क्षेत्रका ५ वटै पालिकाका सभापतीहरु रहेको ८ सदस्यी निर्वाचन समितिले कार्यसमितिका पदाधिकारी र महाधिवेशन प्रतिनिधिहरुको चयन गर्ने छ । अधिवेशनको बन्द सत्रले नै पदाधिकारीहरुको नाम सर्वसम्मत रुपमा चयन गर्ने जिम्मा निर्वाचन समितिलाई दिएको बताइएको छ ।

स्रोतका अनुसार समितिले आजै राति सबै पदाधिकारीहरुको टुङ्गो लगाउने छ । 'समितिको बैठक हुदैछ, स्रोतले भन्यो, प्रतेक पालिका सभापतीहरुमार्फत महाधिवेशन प्रतिनिधिको आकांक्षीहरुको नाम संकलन गरेपछि समितिले छलफल गरेर अन्तिम

बाँकी तेश्रो पेजमा

## लालबकैया खोलामा बाढी र कटानको जोखिम, सुरक्षा अधिकारीद्वारा स्थलगत निरीक्षण

रौतहट, ११ असोज/रौतहटको राजपुर नगरपालिका( २ स्थित लालबकैया खोलामा बाढी तथा वर्षाका कारण हुन सक्ने कटान र डुबानको जोखिमलाई मध्यनजर गर्दै जिल्लाका सुरक्षा अधिकारीसहितको टोलीले स्थलगत निरीक्षण तथा अनुगमन गरेको छ ।

रौतहटका प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलको नेतृत्वमा असोज ११ गते बिहान करिब ११:२० बजे पुगेको टोलीले लालबकैया खोलाको पुल, बाँध तथा बाढी र कटानको जोखिम रहेका सम्भावित क्षेत्रको निरीक्षण गरेको हो ।

निरीक्षण टोलीमा नारायण दल गण रौतहटका प्रमुख सेनानी विश्वास विष्ट, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वार्टर हजमिनिया रौतहटका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक चेतराज जोशी तथा राष्ट्रिय अनुसन्धान कार्यालय रौतहटका उपअनुसन्धान निर्देशक कुमार बुढाथोकीलगायत सुरक्षा अधिकारी सहभागी थिए ।

टोलीमा स्थानीय जनप्रतिनिधिसहित करिब ५० देखि ५५



जनाको सहभागिता रहेको थियो। निरीक्षणका क्रममा लालबकैया खोलाको पुल तथा बाँधको अवस्था, खोलाको बहाव र आसपासका क्षेत्रमा बाढीका कारण हुन सक्ने कटान तथा डुबानको जोखिमबारे स्थलगत जानकारी लिइएको थियो ।

वर्षायाममा लालबकैया खोलामा पानीको बहाव बढ्दा आसपासका बस्ती तथा कृषि क्षेत्रमा डुबान र नदी कटानको जोखिम रहने भएकाले सम्भावित जोखिम क्षेत्रको अवस्थाबारे प्रशासन, सुरक्षा निकाय तथा स्थानीय तहका प्रतिनिधिले जानकारी लिएका हुन् ।

निरीक्षणका क्रममा इलाका प्रहरी कार्यालय राजपुरबाट प्रहरी सहायक निरीक्षक खिमबहादुर बिडारीको कमान्डमा प्रहरी टोलीसमेत परिचालन गरिएको थियो । निरीक्षण गरिएको क्षेत्र इलाका प्रहरी कार्यालय राजपुरबाट करिब दुई किलोमिटर पूर्वतर्फ पर्दछ ।

निरीक्षणपछि टोली बिहान ११:५० बजे उक्त स्थानबाट फर्किएको थियो । स्थानीय तह, प्रशासन तथा सुरक्षा निकायबीच समन्वय गरी बाढी, डुबान तथा कटानको जोखिम रहेका क्षेत्रमा पूर्वतयारी र सम्भावित क्षति न्यूनीकरणका लागि स्थलगत अनुगमन गरिएको जनाइएको छ ।

सम्भावित जोखिमलाई ध्यानमा राख्दै लालबकैया खोलाको जलप्रवाह, बाँध तथा कटानको अवस्था नियमित रूपमा निगरानी गर्नुपर्ने तथा जोखिम देखिएमा प्रभावित क्षेत्रका नागरिकलाई समयमै सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक तयारी गर्नुपर्ने देखिएको छ ।

## परवानीपुरमा बर्थिङ सेन्टर सञ्चालन, अब गाउँमै नि:शुल्क प्रसूति सेवा



जीतपुर,११ असोज/बाराको परवानीपुर गाउँपालिका( २ मा गर्भवती महिलाहरुको सुविधाको लागि बर्थिङ्ग सेन्टर सञ्चालनमा आएको छ ।

बर्थिङ्ग सेन्टर सञ्चालनसंगै अब स्थानीय महिलाहरुले गाउँपालिकाको वडा नम्बर २ स्थित रामपुर स्वास्थ्य चौकीबाट सुरक्षित प्रसूति सेवाको सुविधा पाउने भएका हुन ।

बर्थिङ सेन्टरको गाउँपालिका अध्यक्ष राम क्षेत्री प्रसाद कुर्मीले रिबन काटेर उद्घाटन गर्नुभएको थियो । सेन्टर सञ्चालनसँगै प्रसूति सेवाका लागि टाढाका स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यता केही हदसम्म हट्ने अपेक्षा गरिएको छ ।

गाउँपालिकाले बर्थिङ सेन्टरबाट सुत्केरी सेवा नि:शुल्क उपलब्ध गराउने जनाएको छ । साथै सुत्केरी आमालाई यातायात खर्चबापत १ हजार रुपैयाँसमेत प्रदान गरिनेछ । तोकिएको प्रोटोकलअनुसार स्वास्थ्य संस्थामा चार पटक गर्भजाँच गराई यही बर्थिङ सेन्टरमा सुत्केरी हुने महिलाले थप ८ सय रुपैयाँ पाउने व्यवस्था गरिएको छ

प्रसूति सेवाका लागि स्वास्थ्य संस्थासम्म आउन र सुत्केरीपछि घर फर्किन गाउँपालिकाले नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने जनाएको छ । साथै, बर्थिङ सेन्टरमा सुत्केरी हुने प्रत्येक आमालाई आमा र नवजात शिशुका लागि आवश्यक कपडा समेटिएको एक थान न्यानो झोला पनि नि:शुल्क दिइनेछ ।

उद्घाटन कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियार, वडा नं. २ का वडा अध्यक्ष महमदनुरुल होदा अंसारी, स्वास्थ्य शाखा प्रमुख जयकृष्ण मिश्रलगायत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, वडा तथा गाउँपालिकाका कर्मचारी र सञ्चारकर्मीको सहभागिता थियो ।

बर्थिङ सेन्टर सञ्चालनले परवानीपुर( २ का साथै आसपासका क्षेत्रका गर्भवती महिलालाई स्थानीयस्तरमै सुरक्षित प्रसूति सेवा लिन सहज हुने गाउँपालिका अध्यक्ष कुर्मीले बताउनुभयो ।

## पर्साको धोबिनीमा महिलाको हत्यामा संलग्न तीनजना किशोर पक्राउ

वीरगञ्ज, ११ असोज/पर्साको धोबिनी गाउँपालिका( ५ मा चोरी गर्ने क्रममा एक महिलाको हत्यामा संलग्न तीन जना किशोरलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सोही ठाउँका १८ वर्षीय चन्दनकुमार पटेल, १८ वर्षीय राज कपुर बैठा र १८ वर्षीय रामु पासवान रहेका छन् ।

प्रहरीका अनुसार ती युवाहरुले असोज ५ गते घरमा चोरी गर्ने क्रममा ६२ वर्षीया लखरजिया देवीको हत्या गरेका थिए । चोरी गरिरहेको समयमा लखरजियाले देखेपछि पहिचान खुल्ने डरले ती युवकहरुले हत्या गरेर फरार भएको प्रहरीको भनाइ छ । घरमा सुतेकै



बेल लखरजिया मृत अवस्थामा भेटिएकी थिइन् भने कोठाभित्र रहेको दराज र बाक्सा फोडेर नगद तथा गरगहना चोरी भएको थियो ।

प्रहरी अनुसन्धान अनुसार पक्राउ परेका तीनै जनाले बैठाको घरमा गाँजा सेवन गरी चोरीको योजना बनाएर पछाडिको पर्खाल चढेर घरभित्र प्रवेश गरेका थिए । स्टिलको दराज र टिनको बक्सा फोड्दै गरेको आवाज सुनेर माथिल्लो तलामा आएकी लखरजियालाई उनीहरूले फलामको धारिलो वस्तु प्रहार गरी हत्या गरेर नगद र गरगहना लिएर फरार भएका थिए ।

प्रहरीले पटेललाई शुक्रबार वीरगञ्जबाट र बैठा तथा पासवानलाई शनिबार धोबिनी गाउँबाटै पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो । उनीहरूको साथबाट चोरी भएका नगद, सुनको गहना, गाडीको स्प्रिङ पत्ता, पिलास र चक्कु बरामद गरिएको छ । पक्राउ परेका तीनै जनाविरुद्ध कर्तव्य ज्यान कसूर मुद्दामा अदालतबाट ७ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बिजुलीको मोटर जडान गरिएको धाराबाट पानी पिउने क्रममा एकको मृत्यु

कलैया, ११ असोज/बिजुलीको मोटर जडान गरिएको धाराबाट पानी पिउने क्रममा करेन्ट लागेर बारामा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा महानगढीमाई नगरपालिका( ८ का बेतौनाका २५ वर्षीय राजु देवान रहेका छन् ।

देवानले पचरौता नगरपालिका( ८ बाझोपट्टीका दुर्गाप्रसाद यादवको घरमा मोटर जडान गरिएको धाराबाट पानी पिउँदै गरेका थिए । सोही बेला देवानलाई करेन्ट लागेको हो ।

घटनालगत्तै देवानलाई कलैयास्थित प्रादेशिक अस्पताल ल्याइएपनि चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिनुभयो । मृतकको शव आइतबार परिवारले बुझेका छन् ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# विधिको उपहास कि राजनीतिक स्टन्ड ?

पूर्व प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई पक्राउ पुर्जी बिना नै मध्यरातमा निवासबाट नियन्त्रणमा लिनु र केही घण्टामै बिना कुनै कानुनी निष्कर्ष छाडिदिनुले राज्य संयन्त्रको गम्भीर विचलनलाई छताछुल्ल पारेको छ।

न्यायालयको सर्वोच्च पद सम्हालिसकेका र महाअभियोगको विवादित पृष्ठभूमि बोकेका व्यक्तिमाथि राज्यले चालेको यो कदमले कानुनी राज्यको उपहास मात्र गरेको छैन, सरकारको अपरिपक्व र सस्तो 'राजनीतिक स्टन्ड'लाई समेत नाङ्गो रूपमा बहसमा ल्याएको छ । अकस्मात् आएको भनिएको मौखिक आदेशका भरमा प्रहरीले जबरालाई पक्राउ गर्नु आफैँमा त्रुटिपूर्ण थियो ।

यदि उनीमाथि कुनै गम्भीर कसुर वा अस्वाभाविक गतिविधिका उजुरी थिए भने कानुनबमोजिम पक्राउ पुर्जी जारी गरेर पारदर्शी प्रक्रिया अपनाउनु सरकारको दायित्व हुन्थ्यो । तर, प्रक्रिया मिचेर समात्ने र जनआक्रोश वा राजनीतिक दबाब सिर्जना हुनासाथ पछि हट्दै 'स्टन्टबाजी' शैलीमा छाडिदिने सरकारको यो ढुलमुले स्टन्डले विधिको शासनको खिल्ली उडाएको छ ।

यस घटनामा सरकारको नियत र कार्यशैली दुवैमाथि गम्भीर प्रश्न उठेका छन् । एकातिर, कुनै ठोस कानुनी आधार बिना नै पक्राउ गरेर सरकारले आफूलाई 'कठोर र आक्रामक' देखाउने सस्तो लोकप्रियतावादी स्टन्ड लिन खोजेको देखिन्छ ।

अर्कोतर्फ, पक्राउ लगत्तै राजनीतिक वृत्तबाट आएका आपत्ति र सम्भावित कानुनी जटिलता बुझेपछि बिनाकुनै निष्कर्ष पछि हट्नुले सरकार आफ्नै निर्णयमा कति कमजोर धरातलमा उभिएको छ भन्ने कुरा प्रष्ट पार्छ । राज्यका संयन्त्रहरू राजनीतिक दाउपेच वा कसैको व्यक्तिगत सनक पूरा गर्ने हतियार बन्नु हुँदैन ।

विधिको शासनमा आरोपित जो कोही भए पनि उसले कानुनी प्रतिरक्षाको अधिकार पाउनुपर्छ र राज्यले पनि स्थापित प्रक्रियाको पालना गर्नुपर्छ। बिना आधार पक्राउ गर्ने र दबाब आउनासाथ छाड्ने यस्ता विरोधाभासपूर्ण र सस्तो 'स्टन्ड'ले न्याय प्रणालीप्रति नागरिकको भरोसा थप कमजोर बनाउँछ ।

तसर्थ, सरकारले यस्ता अपरिपक्व कदमहरू तत्काल बन्द गरी अनुसन्धान र न्याय सम्पादनको प्रक्रियालाई पारदर्शी, जिम्मेवार र कानुनसम्मत बनाउनु नै आजको आवश्यकता हो। अन्यथा सरकारले कानुनी राज्यको कुरा गर्नु निरर्थक हुन्छ।



किस्ताबन्दिमा आफूले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत सुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाँकी रकमको १२ महिना भित्र तिर्नु पर्ने हुनेछ । रकम तिर्दा ब्याज लाग्ने छैन तर सुरुमा रु.१००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरिताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाँकी रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# भयानक बाढी रोक्ने उपाय


नेपाल हिमालयको काखमा अवस्थित जलस्रोतको दृष्टिले अत्यन्त सम्पन्न देश हो । हिमालबाट उत्पन्न भएका नदीहरू- कोशी, गण्डकी, कर्णाली, महाकाली तथा तिनका सहायक नदीले नेपालको सामाजिक, आर्थिक, कृषि तथा ऊर्जा विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् तर यही हिमाली भूगोल अहिले जलवायु परिवर्तनका कारण नयाँ प्रकारका जोखिमको केन्द्र बन्दै गएको छ । तापक्रम बढ्दै जाँदा हिमनदी तीव्र गतिमा पग्लिरहेका छन् । हिमताल विस्तार भइरहेका छन् र हिमताल विस्फोटजन्य बाढी अर्थात् ग्लेसियल लेक आउटब्रस्ट फ्लड (ग्लोफ) को जोखिम बढिरहेको छ ।

नेपालमा दुई हजार तीन सयभन्दा बढी हिमताल पहिचान गरिएका छन् । केही उच्च जोखिममा रहेका छन् । सन् २०२४ मा थामे क्षेत्रमा भएको लहरे ग्लोफ अर्थात् एउटा हिमतालको विस्फोटपछि क्रमशः अर्को ताल र अर्कोपछि अर्कोमा विस्फोट गराई असर पुऱ्याएर ठुलो बाढी सिर्जना गर्न सक्छ भन्ने कुरा स्पष्ट गऱ्यो । अध्ययन अनुसार करिब ७.७ लाख घनमिटर पानी एकै पटक निस्किएको र बाढीको प्रारम्भिक अधिकतम बहाब आठ सय घनमिटर/सेकेन्डभन्दा बढी पुगेको थियो । दीर्घकालीन राष्ट्रिय अवधारणा अगाडि सार्न सकिन्छ,(नदीको सम्पूर्ण जलाधारलाई समेट्ने गरी क्रमिक वा शृङ्खलाबद्ध अर्थात् क्यास्केडका रूपमा अति मजबुत संरचनाका बाँध, जलाशय तथा नियन्त्रण संरचनाहरू निर्माण गर्ने प्रणाली ।

### शृङ्खलाबद्ध बाँध प्रणाली

क्यास्केड (शृङ्खलाबद्ध) बाँध प्रणाली भनेको नदीको एउटै ठाउँमा मात्र ठुलो बाँध बनाउनु होइन, बल्की माथिल्लो जलाधारदेखि तल्लो मैदानसम्म उपयुक्त स्थानहरूमा क्रमबद्ध रूपमा बलिया बाँध र पानी नियन्त्रण गर्ने संरचनाहरू बनाउनु हो । यस प्रणाली अनुसार माथिल्लो क्षेत्रमा साना तथा मध्यम आकारका बलिया बाँध, बिचको क्षेत्रमा पानी जम्मा गर्ने जलाशय र गेग्यान थुन्ने संरचना तथा तल्लो क्षेत्रमा बाढी नियन्त्रणका संरचनाहरू निर्माण गरिन्छ । यसरी बाढीको भारलाई एउटै ठाउँमा पर्न नदिई क्रमशः नियन्त्रण, भण्डारण र सुरक्षित रूपमा निकास गर्न सकिन्छ

हिमाल पग्लिएर आउने सामान्य पानीलाई त जलाशयमा जम्मा गर्न सकिन्छ तर मुख्य समस्या अचानक आउने हिमताल विस्फोट (ग्लोफ), हिमपहिरो र लेदोसहितको बाढीले सिर्जना गर्छ । त्यसैले यस्तो क्यास्केड बाँध प्रणालीमा बाढी रोक्ने जलाशय, गेग्यान थुन्ने संरचना, अतिरिक्त पानी र आपत्कालीन रूपमा पानी फाल्ने मार्ग, नियन्त्रित निकासद्वार, स्वचालित पानीको सतह जाँच्ने प्रणाली, वर्षा तथा हिमनदी निगरानी केन्द्र र तल्लो तटीय



डा. लोक बराल

- हिमाली भूगोल जलवायु परिवर्तनका कारण नयाँ प्रकारका जोखिमको केन्द्र बन्दै
- हिमनदी निगरानी केन्द्र र तल्लो तटीय क्षेत्रका लागि पूर्वसूचना प्रणाली अनिवार्य
- तटको बस्ती र संरचना बचाउन 'तहगत बाढी नियन्त्रण प्रणाली' जरुरी
- सरकारले अब बाढी आएपछि मात्र राहत बाँड्ने पुरानो शैली बदल्नु पर्छ

क्षेत्रका लागि पूर्वसूचना प्रणाली अनिवार्य राखिनु पर्छ । यसबाट माथिल्लो क्षेत्रबाट आएको बाढीको अत्यधिक बहाबलाई क्रमशः घटाउँदै सुरक्षित रूपमा तल पठाउन सकिन्छ ।

### ठुलो बाँधभन्दा धेरै बाँध

एउटा विशाल बाँधमा सम्पूर्ण नदी प्रणालीको जोखिम केन्द्रित हुन्छ । त्यसमा प्राविधिक समस्या आएमा त्यसको प्रभावले तल्लो तटमा झन् ठुलो जोखिम ल्याउन सक्छ तर क्यास्केड बाँध प्रणालीमा पानीको ऊर्जा र मात्रा विभिन्न तहमा बाँडिन्छ । उदाहरणका लागिः बाँध-१ रु बाँध-२ रु बाँध-३ रु बाँध-४ रु बाँध-५ मा पहिलो बाँधले केही पानी तथा थेग्यान नियन्त्रण गर्छ । बाँकी पानी दोस्रोमा पुग्छ । दोस्रोले फेरि त्यसको अधिक बहाबलाई घटाउँछ । यसरी प्रत्येक तहले चित्रमा देखाए जस्तै क्रमशः केही ऊर्जा र बहाब नियन्त्रण गर्दै जान्छ र तल्लो तटको बस्ती र संरचना बचाउने काम हुन्छ । यसलाई 'तहगत बाढी नियन्त्रण प्रणाली' भन्न सकिन्छ ।

### भयानक बाढी रोक्ने नयाँ उपाय

भयानक बाढी रोक्ने यो नयाँ अवधारणाको सबैभन्दा ठुलो फाइदा के हो भने, यदि यस अन्तर्गत बनेका संरचनामध्ये एउटा मात्रै भत्कियो वा बिग्रियो भने पनि बाँकी संरचनाले तल्लो क्षेत्रमा आउने बाढीको जोखिमलाई धेरै हदसम्म घटाउन सक्छ तर यो कुरा वैज्ञानिक रूपमा परीक्षण गरेर मात्र पक्का गर्नु पर्छ ।

आज जलवायु परिवर्तनका कारण पग्लिरहेका हिमालका पानीलाई केवल विपत्ति वा डरका रूपमा मात्र हेर्नु हुँदैन । यसलाई हामीले नियन्त्रण गरेर राम्रो काममा लगाउन सकिने सुनौलो अवसरका रूपमा बुझ्नु पर्छ । यसरी पानी जम्मा गर्न बनाइने पोखरी वा बाँधबाट हामीले धेरै किसिमका फाइदा लिन सक्छौँ । जस्तैः बिजुली निकाल्न, खानेपानीको जोहो गर्न, सुक्खा याममा खेतीबालीका लागि सिँचाइ गर्न, नदीमा पानीको प्राकृतिक बहाब जोगाइराख्न, बाढीको जोखिम घटाउन र समग्र जलस्रोतलाई व्यवस्थित बनाउन सकिन्छ । नेपालमा अहिले तुल्सी जस्ता खतरनाक हिमताल फुट्ने जोखिम कम गर्ने कामसँगै त्यहाँबाट जलविद्युत् निकाल्न सकिन्छ कि भनेर अध्ययनसमेत भइरहेको छ ।

### क्यास्केड बाँध र भौगोलिक उष्णीकरण

वैज्ञानिकहरूको भनाइ अनुसार केवल बाँध मात्र बनाउँदैमा पृथ्वीको तापक्रम घट्दैन, किनभने ग्लोबल वार्मिङको मुख्य कारण पृथ्वीमा बढिरहेको हरितगृह ग्यासको उत्सर्जन नै हो तर यो शृङ्खलाबद्ध (क्यास्केड) प्रणालीले अप्रत्यक्ष रूपमा जलवायु परिवर्तनको असर कम गर्न धेरै किसिमले सहयोग पुऱ्याउन सक्छ । पहिलो कुरा, यसरी जलाशयमा जम्मा गरिएको पानीबाट स्वच्छ जलविद्युत् उत्पादन गर्न सकिन्छ, जसले गर्दा कोइला वा डिजेल जस्ता खनिज इन्धनको प्रयोग घटाउन ठुलो मद्दत पुग्छ । दोस्रो कुरा, यी विभिन्न जलाशयबाट एकसाथ विद्युत्, सिँचाइ र खानेपानी उपलब्ध गराउँदा पानीको सही सदुपयोग हुन्छ । तेस्रो कुरा, यस्तो परियोजनासँगै वन जोगाउने, वृक्षरोपण गर्ने, पहिरो तथा माटो कटान रोक्ने काम पनि सँगसँगै गर्न सकिन्छ । चौथो कुरा, जलवायु परिवर्तनका कारण आउने भयानक बाढीबाट हुने मानवीय र भौतिक क्षति जोगाउनु पनि जलवायु अनुकूलनको एक महत्वपूर्ण हिस्सा हो । नेपालमा यस्ता प्रकोपविरुद्ध लड्न अहिले अन्तर्राष्ट्रिय जलवायु कोषले समेत विशेष प्राथमिकता दिन थालेका छन् ।

यसलाई केवल 'क्यास्केड बाँध परियोजना' मात्र भन्नुभन्दा 'बहुउपयोगी एकीकृत नदी-जलाधार क्यासकेड व्यवस्थापन प्रणाली' भन्नु अझ उपयुक्त हुन्छ । यो प्रणाली जम्मा पाँच वटा मुख्य तहमा बाँडिएको हुन्छ । पहिलो तह हिमनदी तथा हिमतालको निगरानी गर्ने तह हो, जसमा उपग्रह, ड्रोन र स्वचालित सेन्सरमार्फत हिमालका गतिविधि लगातार हेरिरहन्छन् । दोस्रो तह उच्च हिमाली सुरक्षा संरचना हो, जहाँ जोखिमपूर्ण बनेका हिमतालको पानी घटाउने र लेदो बग्ने प्रक्रियालाई नियन्त्रण गर्ने संरचना बनाइन्छ । तेस्रो तह माथिल्लो क्यास्केड जलाशय हो, जसले अचानक हिमताल फुट्ने घटना, हिउँ पग्लिएर आउने पानी र मनसुनी बाढीको सुरुवाती बहाबलाई रोक्छ । चौथो तहमध्ये क्यास्केड हाइड्रोपावर जलाशय हो, जहाँ पानीको बहाबलाई नियमित गर्दै सँगसँगै विद्युत् उत्पादन गरिन्छ । पाँचौं तथा अन्तिम तह तल्लो क्षेत्रको बाढी रोक्ने प्रणाली हो, जसमा पानी समथर मैदानमा पुग्नुअघि अत्यधिक बाढीलाई नियन्त्रण गर्न पोखरी बनाउने, बलियो तटबन्ध लगाउने र डुबान क्षेत्रलाई सुरक्षित रूपमा व्यवस्थापन गर्ने काम गरिन्छ ।

यस अवधारणाको सबैभन्दा महत्वपूर्ण वैज्ञानिक पक्ष भनेको पानीको तीव्र गति वा वेग (काइनेटिक इनर्जी) लाई व्यवस्थापन गर्नु हो । अचानक हिमताल फुट्दा पानी धेरै मात्रामा मात्र आउँदैन, अति नै उच्च वेग र तागतका साथ बग्छ, जसले गर्दा त्यसको गति ऊर्जा पनि अत्यधिक हुन्छ । यदि नदीमा शृङ्खलाबद्ध (क्यास्केड) संरचनाहरू बनाइएको छ भने पानीको यो खतरनाक गतिलाई चरणबद्ध रूपमा रोक्न सकिन्छ । सुरुमा हिमताल फुट्नुअघिको स्थिर पानीको ऊर्जा, फुटिसकेपछि उत्पन्न हुने भयानक गति ऊर्जा र त्यसपछि क्यास्केड बाँधले त्यसलाई रोकेर नियन्त्रण गर्ने प्रक्रियामार्फत बाढीको त्यो विनाशकारी शक्तिलाई क्रमशः कमजोर र सुरक्षित बनाउन सकिन्छ ।

यही कारणले गर्दा क्यास्केड बाँध प्रणालीलाई पानी मात्र थुपार्ने एउटा सामान्य प्रविधिभन्दा पनि नदी र जलाधारलाई सुरक्षित राख्ने बहुउपयोगी र वैज्ञानिक व्यवस्थापन प्रविधिको रूपमा बुझ्नु पर्छ ।

सम्पूर्ण नदी जलाधार व्यवस्थापनका रूपमा विकास गरेर सुरक्षित तवरले बहुआयामिक फाइदा लिन सकिन्छ भन्ने तथ्य त वस्तुपरक नै हुन्छ तर सबै नदीमा बाँध बनाउनु समाधान होइन भन्ने अर्को अवधारणा पनि हुन सक्छ किनकि हरेक नदीमा मजबुत कङ्क्रिट बाँध निर्माण गर्नु वातावरणीय तथा आर्थिक रूपमा उपयुक्त हुँदैन । त्यसैले बाँध निर्माणअघि भौगर्भिक स्थिरता, भूकम्पीय जोखिम, थेग्यान भार, नदीको संरचना, जैविक विविधता, माछाको बसाइँसराइ, समुदायको विस्थापन, वातावरणीय प्रवाह, जलवायु पूर्वानुमान जस्ता अवयवको विस्तृत अध्ययन हुन आवश्यक हुन्छ ।

विशेष गरी ग्लोफ-बाडीको छालले अत्यन्तै ठुलो गेग्यानयुक्त लेदो बोकेर आउँछ । त्यसैले केवल सामान्य कङ्क्रिट बाँधले यस्तो जोखिम सामना गर्छ भन्ने मान्न मिल्दैन । पुराना अध्ययनले पनि ज्लोफको पानीसँग अत्यधिक ठेग्यान आउने र त्यसले नदीको कटान तथा पहिरो जोखिम बढाउने देखाएका छन् । नेपालले भविष्यमा नदीलाई केवल छुट्टाछुट्टै जलविद्युत् आयोजनाका रूपमा मात्र हेर्नुहुँदैन । यसलाई सिङ्गो नदी जलाधार (बेसिन) को रूपमा व्यवस्थापन गरेर सुरक्षित तरिकाले बहुमुखी फाइदा लिन सकिन्छ । यसका मुख्य उदाहरणहरू यसप्रकार छन् :

- कोशी बेसिन : हिमताल, अरुण र भोटेकोशी क्षेत्र, सुनकोशी हुँदै सप्तकोशी ।
- गण्डकी बेसिन : माथिल्लो हिमाली क्षेत्र, कालीगण्डकी, मर्स्याङ्दी र बुढीगण्डकी हुँदै नारायणी ।
- कर्णाली बेसिन : हिमाली जलाधार, कर्णाली तथा यसका सहायक नदीहरू हुँदै तल्लो कर्णाली ।
- महाकाली बेसिन : उच्च हिमाली जलाधार र महाकाली नदी हुँदै तराई ।

यसरी प्रत्येक जलाधार क्षेत्रका लागि छुट्टै हिमनदी, बाढी र ऊर्जासम्बन्धी एकीकृत गुरुयोजना बनाउन सकिन्छ । नेपालले अब बाढी आएपछि मात्र राहत बाँड्ने पुरानो शैली बदल्नु पर्छ । यसका लागि हामीले निम्न कुराहरूमा ध्यान दिनु पर्छः पहिले नै बाढीको पूर्वानुमान गर्ने, नदीको निरन्तर निगरानी गर्ने, वर्षाको पानी सङ्कलन गर्ने, बाढीको बहाबलाई नियन्त्रण गर्ने, सुरक्षित रूपमा ऊर्जा उत्पादन गर्ने र जनताको ज्यान र सम्पत्ति बचाउँदै देशलाई समृद्ध बनाउने ।

### निष्कर्ष

नेपालका हिमाललाई केवल विपत्को स्रोत मान्नु हुँदैन; हिमालको पानी जोखिमसँगै समृद्धिको सम्भावना पनि हो । वैज्ञानिक आधारमा नदीभरि क्यास्केड बाँध, जलाशय गेग्यान नियन्त्रण र पूर्वसूचना प्रणाली बनाउँदा आकस्मिक बाढी र हिमताल विस्फोट (ग्लोफ) को क्षति घटाउन तथा जलविद्युत् उत्पादन गर्न सकिन्छ ।

अबको नीति 'हिमनदीको जोखिमलाई क्यासकेड बाँधले व्यवस्थापन गर्ने, बाढीलाई सामना मात्र नगरी नियन्त्रण गर्ने र पानीलाई ऊर्जा तथा विकासमा रूपान्तरण गर्दै समृद्धि हासिल गर्ने' हुनु पर्छ । यसरी नदी-जलाधार क्यास्केड प्रणालीलाई जलवायु अनुकूलन, बाढी नियन्त्रण, ग्लोफ न्यूनीकरण, जलविद्युत् उत्पादन र दीर्घकालीन जलस्रोत व्यवस्थापन जोड्ने प्रभावकारी राष्ट्रिय रणनीतिका रूपमा अगाडि बढाउन सकिन्छ । **साभारः गोरखापत्र**

# पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा रिहा

काठमाडौं, ११ असोज/काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई आज (आइतबार) दिउँसो रिहा गरेको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्काले जबरालाई रिहा गरिएको पुष्टि गर्नुभयो ।

उहाँले भन्नुभयो, 'उहाँलाई सुरक्षित स्थानतर्फ पठाइसकेका छौं ।'

कार्यालयका प्रवक्ता एसपी रामेश्वर कार्कीले पूर्वप्रधानन्यायाधीश जबरालाई छोराको जिम्मा लगाइएको बताउनुभयो ।

यसअघि अपराध अनुसन्धान कार्यालयको टोलीले पूर्वप्रधानन्यायाधीश जबरालाई शनिबार अबेर राति महाराजगन्जस्थित निवासबाटै नियन्त्रणमा लिएको थियो ।

यद्यपि अपराध अनुसन्धान कार्यालयले पक्राउ गरेको नभई भौतिक आक्रमण हुने सूचनापछि उहाँकै सुरक्षाका लागि जबरालाई प्रहरीकहाँ लगिएको दाबी गरेको थियो ।

२०७५ पुस १७ गते प्रधानन्यायाधीश बनेका उहाँविरुद्ध २०७८ फागुन १ गते संसद्मा महाभियोग दर्ता गरिएको थियो । त्यसपछि उहाँको पद निलम्बन भएको थियो ।

यद्यपि महाभियोग पारित नभए पनि उहाँ त्यसयता सर्वोच्च अदालत फर्किन पाउनुभएको थिएन् । निलम्बनमै रहेका बेला उहाँको कार्यकाल सकिएको थियो ।

उहाँविरुद्धको महाभियोग संसद्मा



लामो समय अलपत्र परेको थियो । संसद्को अधिवेशन नै सकिएको भन्दै तत्कालीन महासचिवले २०७९ मंसिरमा महाभियोग निष्क्रिय भएको पत्र लेखेका थिए ।

यसरी सफाइ पत्र लेखेको भन्दै तत्कालीन महासचिवविरुद्ध सर्वोच्च अदालतमा रिट पनि परेको थियो । तर सर्वोच्च अदालतको संवैधानिक इजलासले तत्कालीन प्रधानन्यायाधीश जबराविरुद्धको महाभियोगको औचित्य समाप्त भएको ठहर गर्दै रिट खारेज गरेको थियो ।

# मनाङको हिमलुङ हिमालमा १६ जना बेपत्ता, दुईजना मृत फेला

काठमाडौं,११ असोज/नेपाल नेसनल माउन्टेन गाइड एसोसिएसनले मनाङको हिमलुङ हिमालमा कुल १६ जना बेपत्ता रहेकोमा दुई जना मृत फेला परेको बताएको छ । अझै १४ जना बेपत्ता छन् ।

एसोसिएसनका अनुसार हिमपहिरोका कारण १४ किचेन स्टाफ र २ पर्वतारोहण गाइड बेपत्ता भएका थिए । उनीहरू फरक(फरक कम्पनीबाट त्यहाँ पुगेको समेत एसोसिएसनको पछिल्लो अपडेटमा उल्लेख छ ।

संस्थाका अनुसार पर्वतारोहण गाइड दुई जना मृत भेटिएका छन् । यद्यपि, पहिचान सार्वजनिक गरिएको छैन । एसोसिएसनको उद्धार टोली प्रभु हेलिकप्टर मार्फत हिमपहिरो गएको स्थानमा पुगेको छ । सोही स्थानमा खोजी र उद्धारको काम भइरहेको समेत संस्थाले जनाएको छ ।

खोज तथा उद्धारका लागि मिङ्मा जी, पासाङकाजी शेर्पा आशिष गुरुङ र पेम्बाछिरिङ शेर्पा घटनास्थल पुगेका छन् भने थप चार उद्धारकर्मी त्यसतर्फ जाने तयारीमा छन् ।

# बाढी पहिरोबाट पृथ्वी राजमार्गसहित मुख्य सडक अवरुद्ध

काठमाण्डौ ११ असोज/अविरल वर्षापछिको बाढी र पहिरोका कारण देशका सात वटा मुख्य राष्ट्रिय राजमार्ग पूर्णरूपमा अवरुद्ध भएका छन् ।

काठमाण्डौ उपत्यका जोड्ने मुख्य सञ्जाल मानिएका पृथ्वी राजमार्ग, बीपी राजमार्ग, अरनिको राजमार्ग र कान्ति राजमार्गसहितका प्रमुख सडक खण्डहरू ठप्प भएका हुन् ।

सडक विभागका अनुसार पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीर, तिङ्गाङखानी, बाङ्गे र चालिसेमा खसेको पहिरो पन्छाउने काम भइरहेको छ । यस्तै नारायणघाट(मुग्लिन सडक खण्डको नाम्सी खोला पुलमा लेदोसहितको पहिरो खस्दा सडक बन्द छ ।

बीपी राजमार्गको माम्ती, पिप्ले र चौकीडाँडालगायतका क्षेत्रमा पहिरो जानुका साथै डाइभर्सन नै बगाएकाले आज दिनभर सडक सञ्चालन गर्न नसकिने विभागले जनाएको छ ।

अरनिको राजमार्ग, कान्ति राजमार्ग, राप्ती राजमार्गको कपुरकोट( खारखोला खण्ड र बेसीशहर(चामे सडक पनि पूर्णरूपमा अवरुद्ध छन् ।

यसैगरी पूर्व(पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको रजैया, मध्यपहाडी राजमार्गको बागलुङ खण्ड र तमोर करिडोरसहित ६ वटा सडक खण्डमा भने एकतर्फी र आंशिकरूपमा गाडी चलिरहेका छन् । कर्णाली र भालुवाङ(लिवाङ सडकमा खसेको पहिरो हटाएर सडक खुलाउने प्रयास भइरहेको छ ।

सडक विभागका प्रवक्ता शुभराज न्यौपानेका अनुसार अवरुद्ध राजमार्गहरू यथाशीघ्र सञ्चालनमा ल्याउन प्रभावित क्षेत्रमा आवश्यक मेशिन, उपकरण र प्राविधिक टोली परिचालन गरिएको छ

## इन्द्रसरोवरमा पानीको...

साधन सञ्चालन गर्न रोक लगाइएको छ ।

अत्यावश्यक कामले काठमाडौं जाने वा हेटौंडा फर्किने यात्रु तथा सवारी चालकले यसअघि जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको त्रिभुवन राजपथमा सवारी आवागमन व्यवस्थापनसम्बन्धी सूचना अनुसार यात्रा गर्न प्रशासनले आग्रह गरेको छ ।

प्रशासनले उक्त मार्गमा यात्रा गर्ने यात्रु तथा सवारी चालकलाई जिल्ला प्रशासन कार्यालयको आधिकारिक सूचना हेरेर मात्र यात्रा गर्न अनुरोध गरेको छ

इन्द्रसरोवर तालमा पानीको सतह बढिरहेको र जलाधार क्षेत्रमा वर्षा जारी रहेकाले तालको ढोका खोल्नुपर्ने अवस्था आउन सक्ने भन्दै प्रशासनले सम्भावित जोखिमलाई ध्यानमा राखेर सडक आवागमनमा रोक लगाएको हो ।

# दक्षिण अफ्रिकामा केही घण्टाको अन्तरालमा दुई ठाउँमा गोलीकाण्ड, २७ जनाको ज्यान गयो

काठमाण्डौ,११ असोज/दक्षिण अफ्रिकामा केही घण्टाको अन्तरालमा दुई ठाउँमा गोली चल्दा कम्तीमा २७ जनाको ज्यान गएको छ । देशमा बढ्दो बन्दुक हिंसाको यो पछिल्लो घटना रहेको समाचार संस्था एएफपीले जनाएको छ

पहिलो घटना गएराति जोहानेसबर्ग नजिकैको बारमा भएको थियो । प्रहरीका अनुसार आठ जना सशस्त्र आक्रमणकारीले बारमा प्रवेश गरी अन्धाधुन्ध गोली चलाउँदा १७ जनाको ज्यान गयो भने अरू १५ जना घाइते भए ।

दोस्रो घटना आज बिहान केप टाउन नजिकैको एउटा बस्तीमा रहेको मनोरञ्जन केन्द्रबाहिर भएको थियो । यस घटनामा १० जनाको ज्यान गयो भने अरू ११ जना घाइते भए ।

घटनास्थलबाट भाग्नुअघि संदिग्धहरूले दुई वटा गाडीमा आगजनी गरेका प्रहरीले बताएको छ । घटनामा संलग्नहरूलाई पक्राउ गर्न अनुसन्धानकर्ता तथा विशेष प्रहरी टोली परिचालन गरिएको खबरमा उल्लेख छ ।

दक्षिण अफ्रिकामा कानूनी तथा अवैध दुवै प्रकारका हतियारको व्यापक प्रयोग हुने गरेको छ । त्यहाँ गिरोहबीचको विवाद तथा अनौपचारिक व्यवसायमा हुने प्रतिस्पर्धाका कारण गोलीकाण्डका घटना हुने गरेका छन् ।

झन्डै ६ करोड २० लाख जनसङ्ख्या रहेको दक्षिण अफ्रिकामा विश्वकै उच्च हत्या दरमध्ये एक रहेको छ । देशमा दैनिक औसत झन्डै ६० जनाको हत्या हुने गरेको तथ्याङ्क छ ।

यसै वर्षको मार्चमा जोहानेसबर्गका हिंसाग्रस्त क्षेत्रमा अपराध नियन्त्रणका लागि प्रहरीलाई सहयोग गर्न सेना परिचालन गरिएको थियो ।

राष्ट्रपति सिरिल रामाफोसाले बढ्दो अपराधलाई देशका प्रमुख चुनौतीमध्ये एकका रूपमा वर्णन गर्नुभएको छ ।

# विश्व सितोरियो करातेमा नेपाललाई २ स्वर्णसहित ६ पदक

काठमाण्डौ ११ असोज/जापानमा चलिरहेको विश्व सितोरियो कराते च्याम्पियनसिपमा नेपालको टोलीले २ स्वर्ण, १ रजत र ३ कांस्यसहित ६ पदक जितेको छ ।

नेपालका लागि एरिका गुरुङ र राकेश मानन्धरले स्वर्ण पदक जितेका हुन् । एरिकाले महिलातर्फ ६८ केजीभन्दा माथिको तौल समूहमा स्वर्ण जित्दा टिम कुमितेमा पनि कास्य पदक जितिन् ।

एरिकाले आज भएको फाइनलमा चाइनिज ताइपेकी खेलाडीलाई ८(६ ले हराएकी हुन् । विश्व सितोरियो कराते च्याम्पियनसिपमा एरिकाको यो दोस्रो स्वर्ण पदक हो । यस्तै राकेशले पुरुषतर्फ ६० केजीमुनि स्वर्ण जितेका छन् । निरुपा दोङ तामाङले महिलातर्फ ६८ केजीमुनि रजत पदक जितिन् । उनले टिम कुमितेतर्फ पनि कास्य पदक जितिन् ।

मिनबहादुर तामाङले ६७ केजी तौल समूहमा कास्य जितेका छन् । टिम इभेन्टमा नेपालले थप कास्य पदक जितेको छ । मेघा लिम्बू, सानुमाया थिङ र एलिशा रास्कोटीले टिम काता र टिम कुमितेमा कास्य पदक जितेका हुन् ।

## काँग्रेस बारा १ को...

टुङ्गो लगाउने छ ।' क्षेत्रीय र प्रदेश सभा समितिका पदाधिकारीको चयन पनि समितिले नै गर्ने छ ।

अधिवेशनले क्षेत्रीय र २ वटा प्रदेश समितिका पदाधिकारी सहित ३६ जना महाधिवेशन प्रतिनिधिको चयन गर्ने छ

स्रोतका अनुसार क्षेत्र नम्बर १ को सभापतीमा निजगढका महेशी कुवर र निजगढकै सूर्य घलानलाई प्रदेश सभा १ समितिको सभापतीमा चयन गर्ने समितिको तयारी छ । निजगढ नगर सभापतीको आकांक्षी रहनुभएका घलानलाई प्रदेश सभा १ को सभापती बनाउने सहमतिपछि निजगढ नगर कार्यसमितिमा पदाधिकारीहरुको सर्वसम्मत चयन शंभव भएको थियो ।

त्यसैगरी प्रदेश सभा २ को सभापतीमा भने सिम्रौनगढका मोहन कुशवाहाको नाम चर्चामा छ ।

निजगढस्थित शुभकार्य बैङ्कुटको सभा हलमा भएको उद्घाटन कार्यक्रममा काँग्रेस केन्द्रीय सदस्य शम्भुबहादुर बुढाथोकी, केन्द्रीय सदस्य ममता शर्मा, मधेस प्रदेश कार्यबहाक सभापती चन्द्रशेखर यादवलगायत बोल्नुभएको थियो ।

क्षेत्रीय सभापती विजयशंकर यादवको अध्यक्षतामा भएको सो अधिवेशनको उद्घाटन सत्रको संचालन सिकेन्द्र पासवानले गर्नुभएको थियो ।

## पाल्पा पहिरो:...

वर्षीय शेरबहादुर चिदी र रिब्दीकोट गाउँपालिका( ६ ठिमुरे धुस्तुङकी ५९ वर्षीया कृष्णकुमारी सारुको ज्यान गएको थियो । चिदीलाई घाइते अवस्थामा उद्धार गरेर जिल्ला अस्पताल पाल्पामा लगिएकामा चिकित्सककले मृत घोषणा गरेका थिए भने सारुको पहिरोमा पुरिएको अवस्थामा शव निकालिएको हो । निरन्तरको वर्षासँगै आज बिहान झरेको पहिरोले लिलबहादुर घर्तीमगरको घर पूर्णरूपमा पुरिएको थियो । घरमा सुतिरहेका बेला पहिरोले पुरिँदा उहाँहरू बेपत्ता हुनुभएको थियो । सुरक्षाकर्मी र स्थानीयवासीको प्रयासमा उद्धार टोलीले पहिरोबाट तीन जनाको शव निकालेको हो ।






# इन्द्रसरोवरमा पानीको सतह बढेपछि हेटौंडा-काठमाडौं छोटो दुरीको सडकमा सवारी चलाउन निषेध



हेटौंडा, ११ असोज/कुलेखानी जलविद्युत आयोजनाको इन्द्रसरोवर तालमा पानीको सतह निरन्तर बढेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले हेटौंडा(भीफेदी(कुलेखानी(काठमाडौं आवतजावत गर्ने यात्रु तथा सवारी चालकलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताउनुभयो।

जलाधार क्षेत्रमा भइरहेको वर्षाको विश्लेषण गर्दै विद्युत् प्राधिकरणले साइरन बजाएर सुरक्षाको मापदण्डको आधारमा जुनसुकै समयमा तालको ढोका खोल्न सक्ने जानकारी प्रशासनले गराएको छ। त्यसैलाई मध्यनजर गर्दै हेटौंडाबाट कुलेखानी हुँदै काठमाडौं जाने तथा काठमाडौंबाट कुलेखानी हुँदै हेटौंडा आउने यात्रुलाई विशेष यात्रा सूचना जारी गरिएको उहाँले बताउनुभयो।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले आज असोज ११ गते दिउँसो ४ बजेपछि भैंसे हुँदै देउराली( सिस्नेरी(काठमाडौं तथा पालुङ हुँदै सिस्नेरी(देउराली(हेटौंडातर्फ कुनै पनि सवारी साधन सञ्चालन नगर्न तथा नगराउन आग्रह गरेको छ।

प्रशासनका अनुसार उक्त सडकखण्डमा असोज ११ गते साँझ ४ बजेदेखि असोज १२ गते बिहान ५ बजेसम्म कुनै पनि प्रकारका सवारी

बाँकी तेश्रो पेजमा

# सशस्त्र प्रहरीद्वारा मटिअर्वाबाट लाखौं मूल्यको मोबाइल पार्ट्स बरामद

कलैया, ११ असोज/सशस्त्र प्रहरीले बाराको कलैया उपमहानगरपालिका( १० स्थित मटिअर्वा सीमा क्षेत्रबाट भन्सार छली नेपाल भित्र्याउँदै गरेको रु. १३ लाख ३८ हजार बराबरको मोबाइल पार्ट्ससहित मोटरसाइकल बरामद गरेको छ।

सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म हेडक्वार्टर मटिअर्वाबाट खटिएको टोलीले शनिबार भारतबाट मोटरसाइकलमा राखेर अवैध रूपमा नेपालतर्फ ल्याउँदै गरेको मोबाइलका पार्ट्स बरामद गरेको हो।

सशस्त्र प्रहरी बल, नेपाल नं. १२ गण बाराका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक विक्रम मणी अधिकारीका अनुसार बरामद गरिएको मोबाइल पार्ट्स तथा मोटरसाइकल आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ।

# कांग्रेस पर्सा-४ क्षेत्रीय सभापतिमा श्रीकान्त यादव सर्वसम्मत चयन



वीरगञ्ज, ११ असोज/पर्साको प्रतिनिधि सभा क्षेत्र नम्बर ४ को नेपाली कांग्रेसको क्षेत्रीय सभापतिमा पुनः श्रीकान्तप्रसाद यादव सर्वसम्मचत चयन हुनुभएको छ।

आइतबार जगरनाथपुर गाँउपालिका वडा नम्बर ५ मसिहानीमा सम्पन्न कांग्रेसको क्षेत्रीय अधिवेशनबाट जगरनाथपुर गाँउपालिकाका अध्यक्ष समेत रहनुभएका यादव क्षेत्रीय सभापतिमा पुनः सर्वसम्मत चयन हुनुभएको हो।

यस्तै क्षेत्रीय सचिवमा पुनः बलिष्टर अहमद र सहसचिवमा सन्जय चौधरी पनि सर्वसम्मत चयन भएका छन्। कांग्रेसको क्षेत्रीय अधिवेशनबाट १५ औं महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधिमा पूर्व उद्योगमन्त्री रमेश रिजाल, प्रदेश सरकारका वनमन्त्री शंकर चौधरी, कांग्रेसका जिल्ला सहसचिव नविन सिंह, तबरेज अहमद, सहरुम राउत गदी, किशोरीप्रसाद कानु, पन्चानन्द मिश्र, रेखा चौधरी, गोमा उपाध्याय, गीता विष्ट र शोभा शर्मा पनि सर्वसम्मत चयन भएको नवनिर्वाचित क्षेत्रीय सचिव बलिष्टर अहमदले जानकारी दिनुभयो।

यसैगरी क्षेत्र नम्बर ४ को क प्रदेशसभा निर्वाचन क्षेत्रको क्षेत्रीय सभापतिमा जीवनकृष्ण सापकोटा, उपसभापतिमा मनमोहन महतो थारु, सचिवमा मुकेश महतो, सहसचिवमा ललिता देवी र सेवालाल महतो कोइरी चयन भएका छन्।

यसैगरि क्षेत्र नम्बर ४ को क प्रदेशसभा निर्वाचन क्षेत्रबाट प्रदेश अधिवेशन प्रतिनिधिमा नवराज फुयाँल, नेपालीप्रसाद कुशवाहा, अफताब मियाँ, दीपेन्द्र चौहान, अनोज चौधरी, सुरेन्द्र महतो, केशव खड्का, रुना माझी, बबीता सिंह क्षेत्री लगायत २४ जना निर्वाचित भएको अहमदले जानकारी दिनुभयो।

निवर्तमान क्षेत्रीय सभापति श्रीकान्त यादवको अध्यक्षता तथा पूर्वमन्त्री रमेश रिजालको प्रमुख आतिथ्यतामा भएको क्षेत्रीय अधिवेशन सम्पन्न भएको अहमदले बताउनुभयो

# लागूऔषध ब्राउनसुगरसहित धनुषामा एक युवक पक्राउ, प्रहरीद्वारा एक राउण्ड हवाई फायर

जनकपुरधाम, ११ असोज/धनुषाको विदेह नगरपालिका वडा ८ बफैबाट प्रहरीले करिब २०.३४ ग्राम लागूऔषध ब्राउनसुगरसहित एक युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा स्थानीय अजय मण्डल रहेका छन्।

धनुषा प्रहरीको क्राईम ब्रान्चबाट खटिएको विशेष टोलीले आइतवार बेलुका उनलाई नियन्त्रणमा लिने क्रममा एक राउण्ड हवाई फायर समेत गरेको छ। प्रहरीले मण्डलको साथबाट लागूऔषध ब्राउनसुगरका साथै उनी चढेको मोटरसाइकलसमेत नियन्त्रणमा लिएको छ। यस घटनामा लागूऔषधको कारोबार तथा अन्य व्यक्तिको संलग्नताबारे प्रहरीले थप अनुसन्धान अगाडि बढाइरहेको छ।

# धनुषामा पनि पहिरोले घर पुरिँदा १ महिलाको मृत्यु



धनुषा, ११ असोज/आज बिहान धनुषामा पहिरोले घर पुरिँदा एक महिलाको मृत्यु भएको छ।

मिथिला नगरपालिका( ११ स्थित बर्दिवास सिन्धुली सडक खण्ड नजिक रहेको आँपगाछी टोलमामा पहिरोले घर भत्किँदा स्थानिय ४२ वर्षीया कमला श्रेष्ठको मृत्यु भएको हो।

टिनको छानो भएको काठको घर अविरल बर्षाको कारण पहिरो जाँदा भत्किएको प्रहरीले जनाएको छ।

घटना लगत्तै सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश नक्टाझिज धनुषा, सुरक्षा बेश गौरीडाँडा महोत्तरी, नेपाल प्रहरी र नेपाली सेनाको संयुक्त उद्धार टोलले जेसिबिको सहयोगमा शब निकालेको हो। शव पोस्टमार्टमको लागि बर्दिबास अस्पताल महोत्तरी पठाइएको सशस्त्र प्रहरीका सहप्रवक्ता डीएसपी शैलेन्द्र थापाले जानकारी दिनुभयो।

# सर्लाहीमा नाङ्गो तारबाट करेन्ट लागेर बालकको मृत्यु

सर्लाही, ११ असोज/सर्लाहीको ब्रह्मपुरी गाउँपालिका( ५ पडरियामा आइतबार करेन्ट लागेर एक बालकको मृत्यु भएको छ।

प्रहरी चौकी पर्साका अनुसार, पडरिया गाउँ बस्ने नन्टुन पासवानका छोरा १३ वर्षीय आयुष पासवानको करेन्ट लागेर मृत्युभएको हो। आयुषलाई आइतबार दिउँसो साढे २ बजेतिर गाउँकै हिरेन्द्र राउतको खेतमा मोटरबाट पानी लगाउन राखिएको नाङ्गो तारमा छुँदा करेन्ट लागेर मृत्यु भएको प्रहरी चौकी पर्साका इन्चार्ज एवं सइ अजयकुमार रामले जानकारी दिनुभयो।

दिउँसो मौसम उघ्रिएपछि खेतमा डुल्दै जानेक्रममा अयुषलाई करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको गाउँलेले बताएका छन्। घटनाबारे प्रहरी चौकी पर्सा र जिल्ला प्रहरी कार्यालय मलङ्गवाको टोलीले अनुसन्धान गरिरहेको छ।

मृतक बालकको शव पोस्टमार्टम गर्न प्रादेशिक अस्पताल मलङ्गवा लगिएको छ। सिँचाइको नाङ्गो तार तथा बँदेल, हरिण, निलगाई, बाँदरलगायत जङ्गली जनावरबाट बाली जोगाउन थापिने विद्युतीय धरापमा परेर सर्लाहीमा मानिसको ज्यान गइरहेको छ।

# नारायणीको जलसतह अहिलेसम्मकै उच्च



काठमाण्डौ ११ असोज/नारायणी नदीमा आज जलसतह ११ दशमलव ९४ मिटर पुगेको छ। देवघाटमा रहेको जलमापन केन्द्रमा अभिलेख राख्न थालेयताकै अहिलेसम्मको उच्च जलसतह मापन भएको नारायणी बेसिन फिल्ड कार्यालय भरतपुरले जनाएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार दिउँसो २ बजेर १० मिनेटमा नारायणीको जलसतह ११ दशमलव ९४ मिटर पुगेको थियो। यहाँ ७ दशमलव ३० मिटरलाई चेतावनी तह र ९ मिटरलाई खतराको तह मानिन्छ। पछिल्लो मापनअनुसार दिउँसो ३ बजेर ४० मिनेटमा नदीको जलसतह ११ दशमलव ७५ मिटरमा झरेको छ। नदीको जलसतह घट्दो क्रममा रहे पनि खतराको तहभन्दा निकै माथि छ।

नारायणी बेसिन फिल्ड कार्यालयका प्रमुख हाइड्रोलोजिस्ट इन्जिनियर सुमित अधिकारीले पहाडी क्षेत्रमा वर्षा भइरहेकाले नदीको जलसतहमा थप उतारचढाव आउन सक्ने बताउनुभयो।

कार्यालयका अनुसार देवघाटमा सन् १९६३ देखि जलमापन गर्न थालिएको हो।

# पाल्पा पहिरो : ज्यान गुमाउनेको संख्या पाँच पुग्यो

काठमाण्डौ ११ असोज/पाल्पामा पहिरोमा परेर ज्यान गुमाउनेको सङ्ख्या पाँच पुगेको छ। पहिरोमा परेर बेपत्ता भएका माथागढी गाउँपालिका( ३ कसेनी भैसीकट्टाका ७५ वर्षीय लिलबहादुर घर्तीमगर, उहाँकी १७ वर्षीया छोरी दिना र छिमेकी मोतिलाल घर्तीकी १५ वर्षिया छोरी झरनाको शव भेटिएको प्रहरीले जनाएको छ।

यसअघि आज बिहान पहिरोमा परेर माथागढी( २ रुप्से रजौलीका ७५

बाँकी तेश्रो पेजमा

## खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३